# माहाकुलुङ गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम
# आ.व.२०७४/०७५

माहाकुलुङ गाउँपालिका

बुङ, सोलुखुम्बू

१ नं. प्रदेश

२०७४

# माहाकुलुङ गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम

गाउँसभाका अध्यक्ष महोदय, गाउँसभाका सदस्यहरु, सम्पूर्ण कर्मचारीहरु, पत्रकार तथा सुरक्षकर्मी मित्रहरु ।

नेपाली जनताको लामो त्याग र बलिदानबाट प्राप्त भएका उपलब्धीहरु संस्थागत गर्ने हेतु सहित जारी नेपालको संविधानले देशलाई संस्थागतरुपमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक देशको रुपमा विकसित गरेको छ । २०७२ साल असोज ३ गते जारी भई लागू भएको संविधानले व्यवस्था गरे अनुरुप हामी यो गाउँसभामा उपस्थित भएका छौँ । यस अवसरमा ऐतिहासिक काल देखि हालसम्म परिवर्तनमा सरिह हुदै स्वतन्त्रता र जनताको अधिाकर स्थापित गर्न आफ्नो जीवनलाई बलिदान गरी सुनौलो अवसर दिलाउने ज्ञात अज्ञत सहिदहरु प्रति भावपूर्ण

आज देश संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आईपुग्दा विभिन्न कालखण्ड सहित राणकालीन, पञ्चयतकालीन, बहुदलीय व्यवस्था गुजारीसकेका छौँ । विगतका कहाली लाग्दो समय गुजार्दै भविष्यको सुन्दर सपना तथा संरचाना निर्माणको लागि भएको स्थनीय तहको निर्वाचन २०७४ असाढ १४ बाट हामी माहाकुलुङ गाउँपालिकामा जन्म लिएका हौँ । यो एउटा सुनौलो अवसर साथै संघर्षको चुनौती पनि हो ।

आज हामी एकाइसौ शताव्दीमा रहीरहदाँ विश्वको विकासको गति पछ्याउनु पर्ने अवस्था छ । हामी यही पाँच वर्षमा युवा र वृद्धा समेत हुनु पर्ने भएकोले हाम्रो यो समय अर्थात कार्यकाल भित्र निश्वार्थ, निर्मम, निर्भिक भएर जनता, देश, राष्ट्र, राष्ट्रियता, जनजिविका, सार्वभौमसत्ता, अखण्डता, गणतान्त्रिक संघीयता, लोकतन्त्र, राज्यको पञ्चशिलको सिद्धान्त, असंलग्न परराष्ट्र नीति, संविधान र कानुनको अधिनमा रहेर जिम्मेवारी निर्वाह गर्न हामी सदस्यहरु, कर्मचारीहरु सम्पूर्ण माहाकुलुङ गाउबासीको जिम्मेवारी रहनेछ ।

काँडाको बिचमा गुलाफ भएजस्तै हाम्रो पाँच वर्षको कठार मेहनतले माहाकुलुङ संवृद्ध गराउन सकिने छ । र त्यही संवृद्धिको दिशातर्फ हामी अगाडी बढ्ने प्रण गर्दछौ ।

## अध्यक्ष महोदय

हाम्रो माहाकुलुङ गाउँपालिका सोलुखुम्बु जिल्लाको उत्तरपूर्वी क्षेत्रमा रहेको गाउँपालिका हो । यो गाउँपाकिलाको उत्तरमा खुम्बु पासाङल्हामु गाउँपालिका, दक्षिणमा भोजपुर तथा खोटाङ, पूर्वमा संखवासभा, पश्चिममा सोताङ गाउँपालिका र दुधकोशी गाउँपालिका रहेको छ । यहाँ उच्च तथा मध्य पहाडी क्षेत्र बिच सन्तुलित भएर भौगोलिक स्वरुप रहेको छ । यहाँ उत्पन्न भएका खोला तथा खोल्साहरु

क्रमश उत्तरबाट दक्षिण तर्फ विभिन्न जलाधार मार्फत दुधकोमा मिसिन्छ । भौगोलिक विविधताले गर्दा यहाँ पाईने वनस्पति तथा जैविक विविधतामा समेत एकरुपता पाईदैन ।

नेपालको संघीय शासन प्रणाली अर्न्तगत राज्य पुर्नसंरचनामा स्थानीय तहको नयाँ सीमाङकन गर्दा यो गाउँपालिका साविकको ३ वटा गा.वि.स. बाट रुपान्तरण भई स्थापना भएको हो । यस क्षेत्रमा कुलुङको बाहुल्यता भएता पनि शेर्पा, क्षेत्री, ब्रामण तथा दलित समुदायहरुको बसोबास रहेको छ । ऐतिहासिक तथा पर्यटकिय महत्वका रुपमा केन्पा डाडाँ, जुकतुस्को डाडा, मेरापिक, प्रसिद्ध धार्मिक पोखरी पाँच पोखरी, गुम्बाहरु, मठमन्दिर आदि रहेको छन् । यस क्षेत्रमा नगदे बाली तथा जडिबुटी चिया, अलैची, चिराईतो, सतुवा साथै धुपी, सल्ला, गुराँस, चिमाल उतिस आदिका जंगलहरु पनि पाईन्छ । त्यसै गरी यस माहाकुलुङ क्षेत्रमा हजारौको संख्यमा वन्यजन्तु पशुपंक्षी, किराफट्ग्रा आदि पाईन्छ । खेतीपाती, व्यपार व्यवसाय, पशुपालन, ट्रेकिङ व्यवसाय यस क्षेत्रका वासिन्दाका मूख्य आय आर्जनको स्रोत हुन् । यस क्षेत्रको भू-बनोट, जलाधार, जलाशय, अनुपम हिमाल, विगत केही वर्ष देखि फस्टाउदै गएको नगेदे बाली तथा जडिबुटि व्यवसाय आदि जस्ता सकरात्मक पक्ष समग्र माहाकुलुङको संबृद्धिका आधारहरु हुन् ।

**अब म यस माहाकुलुङ गाउँपालिकाको आ.व २०७४।०७५ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

## कृषि क्षेत्रतर्फ :

हाम्रो गाउँपालिकामा थुप्रै प्रकारका कृषि उत्पादन छन् तर बिक्रीको उचित व्यस्थापन गर्न नसक्दा ब्यापारी धनी हुने अनि किसान सधै मर्कामा पर्ने अवस्था छ । त्यसैगरी, अझै पनि उन्नत बिऊबिजन र प्रविधिको अभावमा किसानले गरेको मेहनतको फल प्राप्त गर्न सकिरहेको अवस्था छैन । यसका लागि किसानले आफ्नो उत्पादनको उचित मूल्य प्राप्त गर्ने अवस्था सिर्जना गर्न माहाकुलुङ चक्रपथका महत्वपूर्ण ठाउँमा बजारको विस्तार गर्ने र ती ठाउँहरुमा किसानहरुको सहभागितामा कृषि उत्पादनको संकलन र बिक्रि केन्द्रहरु खोलिनेछन् । किसानलाई चाहिने सम्पूर्ण कृषि सामग्री, मलखाद, औषधि र बैज्ञानिक कृषिको लागि आवश्यक सम्पूर्ण परामर्श सेवाहरु उपलब्ध हुनेछन् । यसो गर्दा कृषि उत्पादन बढ्ने र उत्पादनले उचित भाऊ पाउने भएबाट किसानको आय बढ्नेछ ।

हालको निर्वाह मुखी कृषिबाट व्यवसायिक कृषिमा परिवर्तन गर्ने कुन ठाउँमा कस्तो खेती उपयुत्त हुन्छ त्यसको बैज्ञानिक अनुसन्धान गरी 'एक गाउँ, एक उत्पादन' लाई प्रर्वदन गर्ने र उत्पादित सामग्रीको बजार व्यवस्थापनमा गाउँपालिकाले विशेष पहल लिने छ.खेतीका लागि आवश्यक सिचाईको प्रबन्ध मिलाउन हाल सञ्चालनमा रहेका कुलोहरुलाई स्तर उन्नति गर्ने र आवश्यक थप सिचाई परियोजनाहरु सञ्चालन गरिने छ.साथै पाईपलाइन मार्फत सिंचाइको व्यवस्था गरि तरकारी उत्पादनमा वृद्धि गरिनेछ ।

कृषि तथा पशुपालन सँग सम्बन्धित सहकारी मार्फत गाउँपालिका र सहकारी समुहको संयुक्त लगानीमा निम्न प्रकारका उत्पादनलाई औधोगीकिकरण गरी अन्तर्राष्ट्रिय बजारमा निकासीको प्रबन्ध मिलाईनेछ ।

- व्यवसायिक रुपमा उन्नतजातका गाईभैसी पालन गरी दुधको उत्पादन अझ बढाउने र दुधबाट घिउ,चीज,छुर्पी मात्रै होइन, बिभिन्न प्रकारका चकलेट, धुलो दुध आदि उत्पादन गरी निकासी प्रबन्ध मिलाउने जसको कारण किसानले दुधको उचित मुल्य पाउने अवस्था सिर्जना हुनेछ ।
- त्यसैगरी बाख्रा, कुखुरा, सुगुरपालन र माहाक'ल'ङमा रहेका असंख्य स्वच्छ चिसोपानीका मूलहरुमा 'रेन्बो ट्राउट' माछा पालन गर्ने र उत्पादित मासुलाई बजारको उचित व्यवस्था गरिने छ ।
- किसानको सहकारी बनाई व्यवसायिक रुपमा सागसब्जी, च्याउ तथा फलफुल खेती गर्ने र उत्पादनलाई बजारीकरण गरिने छ ।
- अलैची खेती र अदुवा खेतीलाई आधुनिकीकरण गरी उत्पादित अदुवाबाट सुठो, 'जिन्जर ट्याब्लेट' बनाई निकासी गरिने छ जसको कारण अदुवा, अलैची कृषिकको आयमा वद्धि हुनेछ ।
- अम्लिसो र अकबरे खुर्सानीको बजार प्रवर्द्धन गरिनेछ ।
- माहाक'ल'ङ क्षेत्रमा रहेका चिराइतो, लोटसल्ला, बुढोओखति, टिमुर, जटामान्सी, लगायतका जडीबुटीहरुको व्यवसायिक खेती उचित बजारको व्यवस्था गरिने छ ।
- नगदे बालिको उत्पादनबाट पर्याप्त मात्रामा आर्थिक उपार्जनमा वृद्धि गरिनेछ भने खाद्यान्न उत्पादनतर्फ आत्मनिर्भर उन्मुख हुने नीति लिईनेछ ।
- जग्गा बाझो राख्ने र जग्गाको अनावश्यक खण्डिकरण गर्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ ।
- उत्कृष्ठ कृषक लाई पुरस्कृत गर्ने व्यवस्था गरि कृषि पेशाप्रतिको आकर्षणमा वृद्धि गरिनेछ ।

## स्वास्थ्य तर्फः

- गाउँपालिकाको केन्द्रमा बिशेष सेवा सहितको १५ वेडको क्षमता भएको अस्पताल खोल्ने र वडामा रहेका स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी जनसंख्याको आधारमा ५ देखि १० बेड क्षमता भएको सामुदायिक अस्पतालहरु सहितको स्वास्थ्य सेवा उपलब्ध गराईने छ ।
- सामुदायिक अस्पताल र गाउँपालिका स्तरको अस्पतालको बिचमा समन्वय, दोहोरो रेफरल प्रणाली र 'फेमली मेडिसिन' 'एमहेल्थ' जस्ता अत्याधुनिक सूचना प्रबिधिको समेत प्रयोग गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराईने छ। गर्भवती, सुत्केरी तथा नवजात शिशु स्याहार सम्बन्धी सम्पूर्ण सेवाहरु गुणस्तरीय र व्यवस्थित ढङ्गले सञ्चालन गरिने छन् ।
- झाडापखाला, निमोनिया लगायतका सरुवा रोगहरुको निशुल्क उपचार गरिने छ र यस्ता रोगहरुको उपचारको अभावमा कसैको ज्यान जाने छैन् ।

- अत्याधिक रुपमा बढ्दै गएको उच्च रक्तचाप, दमखोकी, मधुमेह (डाइबेटीज), क्यान्सर जस्ता नसर्ने रोगको उपयुक्त उपचार, रोकथाम र नियन्त्रणको बृहत योजना सहित कार्यक्रम सञ्चालन गर्ने र ५ वर्ष भित्रमा यस्ता रोगहरुबाट हुने मृत्युको संख्यामा ५० प्रतिशतले कमि हुने छ।
- आर्थिक अभाबका कारण स्वाथ्य सेवाबाट कुनै पनि व्यक्ति वन्चित नहुने अवस्था सिर्जना गर्न बीमा गर्न सक्ने परिवारलाई सामाजिक स्वास्थ्य बीमामा सहभागी गराउने र बीमा गर्न नसक्ने ब्यक्तिलाई राज्यकोषबाट स्वास्थ्य उपचार गर्ने व्यवस्था गरिने छ ।
- स्वास्थ्य केन्द्रहरुमा दरबन्दी अनुसार कर्मचारीहरु,औजार उपकरण र भौतिक संरचनाको व्यवस्था गरि स्वास्थ्य सेवाको गुणस्तर प्रर्वद्धन गरिनेछ।
- स्वास्थ्य सेवामा समर्पित भई उत्कृष्ट काम गर्ने कर्मचारीलाई पुरस्कारको व्यवस्था गरिनेछ भने स्वास्थ्य सेवा प्रवाहमा जिम्मेवारी पुरा नगरि , समय पालन र नियमितताको पालना नगर्ने लगायत खराब आचरण र कामचोर कर्मचारी पाईएमा प्रचलित ऐन नियमानुसार दण्डित गरिनेछ ।
- व्यक्ति स्वास्थ्य,परिवार स्वास्थ्य, समाज स्वास्थ्य हाम्रो गाउँपालिका स्वास्थ्य भन्ने नारालाई अबलम्बन गर्दै यस गाउँपालिकाको समग्र स्वास्थ्य सम्बन्धि सुचकहरुमा सुधार गरिनेछ ।

## शिक्षा :

- पाँच बर्ष भित्रमा गाउँपालिकालाई ९५ प्रतिशत साक्षार घोषणा गरिने छ । बाल शिक्षा, प्रौढ शिक्षा लगायत प्रत्येक वार्डमा १२ कक्षासम्मको माध्यमिक विद्यालय निर्माण र सञ्चालनको गरिनेछ ।
- प्राथमिक विद्यालय देखि नै कम्प्युटरर शिक्षालाई अनिबार्य गर्दै लैजाने नीतिलाई क्रमश कार्यान्वयन गरिने छ ।
- प्राथमिक विद्यालय देखि नै अंग्रेजी र नेपाली दुबै माध्यमबाट गणस्तरीय शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइने छ।
- सबै विद्यालयहरुको संरचना बालमैत्री बनाउने तथा गुणस्तरीय शिक्षाका लागि आवश्यक कम्प्युटर लगायत शैक्षिक सामाग्रीहरु र दक्ष शिक्षकहरुको उचित व्यवस्थापन गरिने छ । बालमैत्री स्थानीय शासनको अवधारणा बमोजिम विद्यार्थीको पठन पानामा जोड दिईने छ ।
- शिक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई हरेक बर्ष पुरस्कृत गरिने छ ।
- गाउँपालिकाको केन्द्रमा पर्ने गरी विभिन्न बिषयमा स्नातक तह सम्मको शिक्षा दिने गरी क्याम्पस सञ्चालन गरिने छ ।
- प्राविधिक बिषयहरु जस्तै चिकित्सा, कृषि, इन्जिनीयरीङ्ग, पशु चिकित्सा लगायतका बिषयमा उच्च अध्ययनको लागि छात्रवृतिको लागि समेत आवश्यक पहल गरिनेछ ।
- विद्यालय शान्ति क्षेत्र भन्ने सरकारको अवधारणालाई यस गाउँपालिका क्षेत्रमा समेत कडाईका साथ कार्यान्वयन गरिनेछ । विभिन्न बहानामा विद्यार्थी,शिक्षक,राजनीतिक दलहरु बाट हुने शैक्षिक हडतालको अन्त्य गरिनेछ ।

- प्रत्येक वडामा कम्तिमा एउटा विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्न कार्यक्रम लागु गरिनेछ ।
- शैक्षिक समानता,गुणस्तरीय शिक्षमा एकता, माहाकुलुङ गाउँपालिकाको प्रतिबद्धता भन्ने नारालाई कार्यान्वयन गर्न कार्यक्रम तय गरि कार्यान्वयन गरिनेछ ।
- ७५ प्रतिशत विद्यार्थीलाई पास नगर्ने शिक्षकहरुलाई सरुवा, घटुवा, तलब भत्ता रोक्का गर्ने, ७५ प्रतिशत भन्दा बढी विद्यार्थीहरुलाई पास गराउने शिक्षकहरुलाई प्रोत्साहन र पुरस्कारको व्यवस्था गरिनेछ । साथै शैक्षिक ऐन, नियम अनुसार बढुवाको व्यवस्था गरिनेछ ।
- शैक्षिक संस्थाभित्र मादक पदार्थ, धुम्रपान, नसालु पदार्थ प्रयोग भएको पाईएमा जरिवाना सहित कारबाही गरिनेछ भने जंगफूट लाई निरुत्साहित गरिनेछ । राजनीतिमा संलग्न भई आफनो जिम्मेवारी पुरा नगर्ने शिक्षकलाई आवश्यक कारबाही गरिनेछ भने आस्थाका हिसाबले कुनैपनि शिक्षक कर्मचारीलाई विभेद गरिने छैन ।

## द्वन्द व्यवस्थापन महिला सशक्तीकरण तथा रोजगारीः

- समाजमा रहेका विभिन्न कारणबाट उत्पन्न द्धन्दहरुलाई मेलमिलाप मार्फत अन्त्य गरी सामाजिक शान्ति कायम गरिनेछ ।
- सामाजिक कुरीति, कुसंस्कार तथा अन्धविस्वासको अन्त्य गर्दै महिला माथि हुने हिंसा र शोषण समुलरुपमा अन्त्य गरिनेछ ।
- पाँच वर्ष भित्रमा बालविवाह अन्त्य गरिनेछ । विभिन्न परियोजनाह? सञ्चालन गरि महिला तथा किशोरकिशोरीह?को जीवनउपयोगी तथा आयआर्जन सम्बन्धि सिप विकास गरि शसत्तिकरण गरिने छ ।
- रोजगारीमुलक सिप विकास र अवसरहरुको खोजी गरि वा रोजगारि बढाइने छ तथा सिप भएको व्यक्ति बेरोजगार नहुने अवस्था सिर्जना गरिनेछ ।
- वैदेशिक रोजगारीलाई स’रक्षित र व्यवस्थित र मर्यादित बनाईनेछ साथै बैदेशिक रोजगारबाट फर्किएका युवाहरुको सीप उपयोग हुने गरि रोजगारिका कार्यक्रम संचालन गरिने छ ।

## वातावरण, खानेपानी तथा सरसफाईः

- स्वच्छ सफा खानेपानी प्राप्त गर्ने सबैको अधिकार भएकाले हाल सञ्चालनमा रहेको खानेपानी परियोजनाहरुलाई थप व्यवस्थापन गरिने तथा खानेपानी नभएका सम्पूर्ण ठाउँमा पहिलो वर्षमा नै खानेपानी पुराउन जोड दिईनेछ ।खानेपानीका मुहान संरक्षण तथा पानीको सुद्धिकरणलाई प्रभावकारी बनाई पानीजन्य रोगहरुको पूर्णरुपमा नियन्त्रण गरिनेछ ।
- खुला दिशामुक्त क्षेत्र घोषणा भइसकेको हुनाले यसको प्रभावकारी कार्यान्वयन गर्ने तथा स्वास्थ्य वातावरण कायम गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- बजार क्षेत्रको फोहोरमैला व्यवस्थापनको लागि फोहोर विर्सजन केन्द्र (डम्पिङ साइड ) को व्यवस्था गरिनेछ र बजारलाई सफा तथा सुन्दर बनाइनेछ ।

- गाउँपालिका भित्र रहेको वनजङगलको संरक्षण गरिने तथा थुम्के क्षेत्रमा रहेको लोपउन्मुख रेडपान्डा (हाब्रे) को संरक्षण गर्ने लगायतका जैविक विविधता संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछन् ।
- पूर्ण सरसफाईका सबै सुचकहरु पुरा गरि यसै वर्ष यस माहाकुलुङ गाउँपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गरिनेछ ।

## संस्कृति तथा पर्यटनः

- गाउँपालिकामा रहेका गुम्बाहरुको मर्मत संभार तथा संरक्षण गरिनेछ ।
- केन्पा डाडाँमा सुर्योदय हेर्ने स्तम्भ (भ्यू टावर) को निर्माण गरिनेछ ।
- पुराना पैदलमार्गलाई ट्रेकिङ मार्गको रुपमा विकास गर्ने तथा मेरा पिक ट्रेकिङ मार्ग निर्माण गरि पर्यटकहरुलाई आउने जाने प्रबन्ध मिलाउने र पैदल मार्गका विभिन्न ठाउँमा पर्यटकहरु बस्ने होमस्टे को व्यवस्था मिलाईनेछ । यसले पर्यटन प्रवर्द्धन हुने मात्र नभई गाउँलेहरुको आयआर्जन समेत बढ्नेछ ।
- यस गाउँपालिकामा रहेको धार्मिक र सांस्कृतिक विविधतालाई अमूल्य सम्पतिको रुपमा लिदै धार्मिक सहिष्णुता र सांस्कृतिक रुपान्तरणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

## खेलकुद तथा शारिरिक व्यायमः

- स्वस्थ रहने सबैभन्दा महत्वपुर्ण उपाय हो नियमित शारिरिक व्यायम तथा खेलक'द मानव जीवनको लागि लाभदायिक हुन्छ । त्यसैले खेलकुदको विकासका लागि गाउँपालिकाका विभिन्न ठाउँमा खेलमैदान तथा खेल सामाग्रीको उचित व्यवस्थापन गरिनेछ । उपयुक्त स्थानमा सुविधा सम्पन्न रंगशाला निर्माण गरिनेछ ।
- हरेक वर्ष गाउँपालिका स्तरको खेलकुद प्रतियोगिता गरिनेछ । जसको कारण विभिन्न खेल प्रतिभा भएका खेलाडीहरुको उत्पादन हुने र मानिसहरुलाई स्वास्थ्य रहन मदत पुग्नेछ ।
- विभिन्न विद्यालयहरुमा अतिरिक्त क्रियाकलापमा जोड दिई खेलकुदको विकास गर्न पहल गरिनेछ ।
- हरेक वडाहरुमा कम्तिमा एउटा सुविधासम्पन्न खेलमैदान बनाउने नीति अनुरुप यसै वर्ष देखि बजेट विनियोजन गर्न सुरु गरिनेछ ।

## जलविद्युतः

- गाउँपालिकाका सबै गाउँहरुमा विद्युतिकरण गरिनेछ । विद्युत नपुगेका वडा र टोलहरुमा विद्युत पुराउन प्राथमिकता दिईनेछ भने विद्युत पुगेका बस्ती र टोलमा आवश्यक मर्मत सम्भारको व्यवस्था गरिनेछ ।
- जलविद्युत उत्पादन हुन सक्ने ठाउँहरुको पहिचान गरि सरकार र जनताको संयुक्त लगानीमा जलविद्युत उत्पादन गरिनेछ ।
- यस गाउँपालिका भित्र जलविद्युत उत्पादन गर्न सम्बन्धित निकायमा पहल गरि गाउँपालिकालाई लोडसेडि  मूक्त बनाउने दिर्घकालिन सोचका साथ अघि बढिनेछ ।
- यस क्षेत्रभित्र जलविद्युतको संभाव्यता पहिचान गरि जलविद्युतमा वैदेशिक लगानी भित्राउन पहल गरिनेछ ।

## पूर्वाधार विकास तर्फः

- पूर्वाधार विकास नै समृद्धिको आधार हुने भएकोले पूर्वाधार विकासको लागि विज्ञहरुको समुह निर्माण गरि दिर्घकालिन योजना र नीति निर्माण गरि विकास आयोजनाहरुलाई अगाडी बढाइनेछ । यो वर्ष साना साना योजनाहरुलाई प्राथमिकता दिईएको भएता पनि आगामी वर्ष विज्ञ समुह मार्फत गाउँपालिकाको मार्गचित्र निर्माण गरि सोही अनुसार बजेट विनियोजन गर्ने र समानुपातिक विकासको खाका तयार गर्ने गरि कार्यक्रम तय गरिनेछ ।
- पूर्वाधार तर्फ सडक, विद्युत, खानेपानी, कार्यालयको संस्थागत संरचना, सिंचाइ, ढल व्यवस्थापन लाई प्राथमिकतामा राखि बजेट विनियोजन गरिनेछ ।
- सडक तर्फ गाउँपालिका देखी सदरमुकाम जोड्ने सडक, वडा कार्यालयहरु जोड्ने सडक र पर्यटकीय महत्वका सडकलाई रणनीतिक महत्वका सडकका रुपमा अघि बढाउन पर्याप्त बजेट विनियोजन गरिनेछ ।
- विद्युत नपुगेका वडाहरुलाई प्राथमिकतामा राखेर विद्युत विस्तार कार्यक्रम संचालन गरिनेछ साथै यसको लागि सम्बन्धित निकायसँग लगानीको लागि पहल गरिनेछ ।
- गाउँपालिका र वडा कार्यालयहरुको निर्माणको लागि निशुल्क रुपमा जग्गा प्राप्तीको पहल गरिनेछ ,सकभर हस्तान्तरण भई आउने विषयगत कार्यालयहरुलाई समेत मध्यनजर गरि कार्यालय र अफिस क्षेत्र छुट्टै हुने गरि पूर्वाधार निर्माणलाई प्राथमिकताका साथ अघि बढाईनेछ ।
- बजारीकरण शहरीकरण गर्नको लागि बुङचोक, छेस्काम चोक, गुदेल चोक ,पञ्चमी बजार जस्ता ठाउँमा आधुनिक प्रविधि, सेवा सुविधायुक्त शहर वा Smart Village को रुपमा विकास गरिनेछ । भवन आचार संहिता तत्काल कार्यान्वयन गरि आफुखुसि घर बनाउन प्रतिबन्ध लगाइने छ । राज्यको तर्फबाट आवास निर्माण,गर्दा एक महल सयौं परिवार को नीति अवलम्बन गरिनेछ । र बाँकी भुखण्डलाई कृषि प्रयोजनमा प्रयोग गरिनेछ ।
- माहाकुलुङ गाउँपालिका जलस्रोतमा धनि रहेकोले माइक्रो हाइड्रो, हाईड्रो पावर निकाल्न सकिने भएकोले अध्ययन अनुसन्धान गर्नको लागि कार्यक्रम अगाडी बढाईनेछ । बिना

इजाजत वा इजाजत लिएर संचालन गर्न लागेका कुनै योजना गाउँपालिकाको समन्वय बिना संचालन गर्न  वा दर्ता गर्न रोक लगाइनेछ ।

- गाउँपालिका क्षेत्रका आवश्यक स्थानमा झोलुङगे पुल र टच ब्रिज निर्माणका लागि केन्द्रमा पठाउनको लागि नीतिगत निर्णय गरिनेछ ।

## संस्थागत विकास सेवा प्रवाह र सुशासन :

- परिवर्तित नयाँ संरचना अनुसार जनतालाई परिवर्तनको अनुभूति हुने गरि सेवा प्रवाहमा सहजता, सरलता र नविनतम विधि र पद्धतिहरुको अबलम्बन गरिनेछ ।
- नागरिक वडापत्र, सूचना अधिकारी, टोकन प्राणाली, गुनासो सुनुवाई संयन्त्र, सार्वजनिक सुनुवाई, सामाजिक लेखा परिक्षण, घुम्ति सेवा, विद्युतिय शासन प्रणाली जस्ता सुशासनका सूचकहरुको क्रमश अबलम्बन गरि सेवा प्रवाहमा प्रभावकारिता ल्याइनेछ ।
- भ्रष्टाचार, अपारदर्शि र भ्रष्टाचार जन्य प्रवृतिलाई रोक्न विशेष सर्तकता अपनाईनेछ ।
- तोकिएका योजना आयोजनाहरु गुणस्तरिय रुपमा समयमै सम्पन्न गर्न अनुगमन मूल्यांकन कार्यलाई प्राथमिकता दिईनेछ ।
- आयोजनाहरु समयमा सुरु नगर्ने, उपभोक्ता समितिमा अनावश्यक विवादमा अल्झिने र विकास नै प्रभावित हुने प्रवृति देखिएमा त्यस्ता क्षेत्रका योजनाहरु झिकेर अन्य क्षेत्रमा दिईनेछ ।
- जिम्मेवारी पूर्वक उत्कृष्ट कार्यसम्पादन गर्ने, अनुशासन, ईमानदारिता र उच्च नैतिक चरित्र भएका कर्मचारीहरुलाई पुरस्कृत गरि प्रोत्साहन गरिनेछ भने खराब आचरण र जिम्मेवारी वहन नगर्ने कर्मचारीलाई प्रचलित ऐन कानुन बमोजिम दण्ड सजायको व्यवस्था गरिनेछ ।
- उत्कृष्ट कार्यसम्पादन गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गरि उत्प्रेरित गरिनेछ भने सन्तोषजनक कार्यसम्पादन नगर्ने उपभोक्ता समितिलाई दण्डित गर्ने साथै आगामी वर्षमा उपभोक्ता समितिको रुपमा काम गर्न बाट वञ्चित गरिनेछ ।
- जनताको घरदैलोमा जनप्रतिनिधी भन्ने अभियान मार्फत जनताका समस्याहरु सँग निरन्तर परिचित भई समाधानको प्रयास गरिनेछ ।
- जनतानै जनार्दन भन्ने आर्दशका साथ सेवा प्रवाहमा जनताका आवश्यकता र चाहनालाई विशेष जोड दिईनेछ ।
- सूचना पाटि, वेव साईट, सार्वजनिक सुनुवाईको माध्यमबाट जनतामा सूचनाको हक स्थापित गर्न पारदर्शि कार्यप्रणालीलाई बढवा दिईनेछ ।

अन्तमा, हामी राज्य पुर्नसंरचना अर्न्तगत अत्यान्त नयाँ व्यवस्थाको अभ्यासको क्रममा छौ । यो संक्रमणकालिन समयमा हामी जति मेहनेत र परिश्रमका साथ अगाडी बढ्छौ त्यति नै संक्रमणकाल लाई छिटो अन्त्य गरि माहाकुलुङ गाउँपालिकालाई विकास र समृद्धिको पथमा अगाडि बढाउन सफल हुन्छौ भन्ने मैले विश्वास लिएको छु । यस ऐतिहासिक र अभूतपूर्व परिवर्तलाई संस्थागत गर्न यस माहाकुलुङ गाउँपालिकामा क्रियाशिल राजनीतिक दलहरु, नागरिक समाज, सरकारी तथा गैरसरकारी संस्था, वुद्धिजीवि, विकास प्रेमी, संचार जगत, आम जनताको साथ र सहयोगको यस गाउँपालिका ठुलो अपेक्षा गर्दछ ।

आफनो बजेट र नीति योजना आफै तर्जुमा गरि विकासको गति र दिशा तय गर्ने हाम्रो यो ऐतिहासिक अवसर र चुनौति पनि हो । यो नीति तथा बजेट निर्माण कार्यमा सुरु देखि नै आफनो बुद्धि विवेक र परिश्रमले सहयोग गर्नुहने कार्यकारी अधिकृत, गाउँकार्यपालिकाका सम्पूर्ण सदस्यहरु, सरोकारवाला वर्ग र कर्मचारी मित्रहरुप्रति विशेष आभार प्रकट गर्दछु ।

**नेपाल र नेपालीको जय होस ।**

**धन्यवाद ।**